Siddhartha Bank Ltd.
Head Office
Naxal, Kathmandu, Nepal
P.O.Box: 13806
Phone: +977 1 5970720
info@sbl.com.np
SWIFT:SIDDNPKA
www.siddharthabank.com

**SiddharthaBank**

386617

मिति: २०८२/०२/२८

च नं: SBL/GTG/104/81/82

श्री कार्यालय प्रमुख ज्यू,
मण्डन देउपुर नगरपालिका
काभ्रे

**विषय: सिद्धार्थ बैंकको शाखारहित बैंकिङ्ग सेवा बन्द गरिएको सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा सिद्धार्थ बैंकको गङ्गाघर शाखा अन्तर्गत मण्डन देउपुर नगरपालिका-६,गैरेबिसौनी काभ्रेमा मिति सन २०१५ ०८ १८ देखि सञ्चालित शाखा रहित बैंकिङ्ग सेवा लामो समयदेखि कारोबार नभई निष्क्रय अवस्थामा रहेकोमा उक्त बैंकिङ्ग सेवा बन्द गर्न यस बैंकले नेपाल राष्ट्र बैंक समक्ष अनुमति माग गरेकोमा नियमनकारी निकाय नेपाल राष्ट्र बैंकले प्रदान गरेको अनुमति बमोजिम मिति २०८२/०२/०८ देखि स्थायी रुपमा बन्द गरिएको ब्यहोरा जानकारी गराउँदछौं।

बैंकले यसरी ताँहा गाउँपालिकामा संचालनमा रहेको शाखा रहित बैंकिंङ्ग सेवा मिति २०८२/०२/०८देखि बन्द गरिने हुँदा उक्त मिति उप्रान्त यस अघि बैंकले नियुक्त गरेको अभिकर्ता रामचन्द्र न्यौपाने मार्फत कुनै पनि बैंकिङ्ग कारोबार नहुने र निज अभिकर्ता मार्फत संचालनमा रहेको सेवा केन्द्र मार्फत कारोबार गर्दै आईराख्नु भएको सेवाग्राहीले आफुलाई पाएक पर्ने यस बैंकको शाखाहरु मार्फत आफ्नो कारोबार गर्न सक्ने नै हुँदा उक्त मिति उप्रान्त यस बैंकले यस अघि नियुक्त गरेको अभिकर्ता मार्फत बैंकिङ्ग कारोबार नगर्न हुन सर्बसाधरण तथा सम्बन्धित सबैलाई यसै पत्र साथ संलग्न गरि पठाईएको सुचना ताँहा कार्यालयको सुचना पाटीमा टाँस गर्ने, ताँहा कर्यालयको वेयबसाईट मार्फत जानकारी गराउने वा ताँहा कर्यालयको अन्य कुनै कुनै आधिकारिक माध्यमबाट जानकारी गराउने ब्यबस्था मिलाई सुसुचित गराई दिनु हुन समेत अनुरोध गर्दछौं।

भवदीय,

शाखा प्रवन्धक
गङ्गाघर शाखा

**SiddharthaBank**

श्री सुचना प्रविधि अधिकृत, वडा कार्यालय, वेबसाइट, सामाजिक संजाल मार्फत सबैलाई जानकारी गराउने।
[illegible]
२०८२।०३।०५

**बोधार्थ:**
१. मण्डन देउपुर नगरपालिका वडा नं ६ को कार्यालय

**Excellence in Driving Innovation** Awarded by: **VISA**
**Best Operation Bank South Asia 2021** Awarded by: IFC International Finance Corporation World Bank Group *Creating Markets, Creating Opportunities*

# शाखारहित बैंकिङ्ग सेवा बन्द गरिएको सूचना

सूचना प्रकाशित मितिः ..........................................

गट्ठाघर शाखा अन्तर्गत मण्डन देउपुर नगरपालिका-६, गैरीबिसौनी, काभ्रे जिल्लामा सञ्चालन हुँदै आएको शाखा रहित बैंकिङ्ग सेवा नेपाल राष्ट्र बैंकको अनुमति अनुसार मिति २०८२/०२/०८ देखि स्थायी रुपमा बन्द गरिएको ब्यहोरा जानकारी गराउँदछौं । अब उप्रान्त शाखा रहित बैंकिङ्ग सेवाको लागि यस अघि नियुक्त गरिएको अभिकर्ता श्री राम चन्द्र न्यौपाने वा निजसंग सम्बन्धित अन्य कुनै व्यक्ति मार्फत बैंक सम्बन्धी कुनै पनि वित्तीय कारोबार नगर्नु/नगराउनु हुन तथा निज अभिकर्ता श्री राम चन्द्र न्यौपाने सँग कुनै पनि ग्राहकहरुको बैंकिङ्ग कारोबार बाँकी रहेको खण्डमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बैंकको सम्बन्धित गट्ठाघर शाखा कार्यालय वा केन्द्रिय कार्यालय हात्तीसार काठमाण्डौंमा सम्पर्क गर्नु हुन सर्बसाधरण तथा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

अतः उक्त मिति पश्चात पनि निज अभिकर्ता वा निजसंग सम्बन्धित ब्यक्तिसंग यस बैंकको नाउँबाट कुनै वित्तीय कारोबार गर्नु भएमा सो को जिम्मेवारी कारोबार गर्ने कै हुने हुँदा सो को जिम्मेवारी यस बैंकले नलिने ब्यहोरा समेत जानकारी गराउँदै हालसम्म शाखा रहित बैंकिङ्ग मार्फत कारोबार गर्दै आईराख्नु भएको ग्राहकहरुले आफुलाई पायक पर्ने सिद्धार्थ बैंकको कुनै पनि शाखा मार्फत कारोबार गर्न हुन समेत अनुरोध गर्दछौं ।

यस सम्बन्धमा कुनै जिज्ञासा भएमा बैंकको सम्बन्धित गट्ठाघर शाखा कार्यालयको सम्पर्क नम्बर ०१-५६३९४३५ वा केन्द्रीय कार्यालयको ग्राहक सेवा सम्पर्क नम्बर ०१-५९७००२० मा तुरुन्त सम्पर्क गर्न अनुरोध गर्दछौं । शाखा रहित बैंकिङ्ग सेवा बन्द भई आदरणीय ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति हामी क्षमाप्रार्थी छौं ।

**Siddhartha Bank**

Head Office: Naxal, Kathmandu, Nepal
P.O. Box: 13806, Ph: 01-5970720 / 5970020
SWIFT: SIDDNPKA
Email: customercare@sbl.com.np
Web: www.siddharthabank.com

# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

बालुवाटार, काठमाडौं
फोन:४७१९६४४ ५ ७
एक्स्टेन्सन, १३६५
E-mail : psdept@nrb.org.np
Web : www.nrb.org.np


प.सं.: भु.प्र.वि नीति ०४ १४५ २०८१ ८२०
च.नं. ४९१

मिति : २०८२ ०२ ०८

श्री सिद्धार्थ बैंक लि.,
नक्साल, काठमाडौं ।

विषय:- **शाखारहित बैंकिङ्ग सेवा बन्द गर्ने स्वीकृति सम्बन्धमा ।**

महाशय,

तहाँ बैंकको मिति २०८१ ११ २७ को पत्रबाट माग गरे अनुरुप देहायका १९ वटा शाखारहित बैंकिङ्ग सेवा केन्द्रहरु बन्द गर्न स्वीकृति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

| क्र.सं. | नियन्त्रण शाखा | स्थान | अभिकर्ताको नाम |
|---|---|---|---|
| १ | आमचोक | आमचोक गाउँपालिका-२, युन, भोजपुर | टीका कुमार बिष्ट |
| २ | बीएनबी | महालक्ष्मी नगरपालिका-९, लामाटार, ललितपुर | प्रभाकर घिमिरे |
| ३ | दैलेख | डुंगेश्वर गाउँपालिका-१, चुप्रा बजार, दैलेख | अर्जुन के.सी |
| ४ | गठ्ठाघर | मण्डन देउपुर नगरपालिका-६, गैरेबिसौनी, काभ्रे | रामचन्द्र न्यौपाने |
| ५ | गठ्ठाघर | धुलिखेल नगरपालिका-२, रवी ओपी, काभ्रे | ज्ञान बहादुर बुढाथोकी |
| ६ | घोराही | घोराही उपमहानगरपालिका-१, रामपुर, दाङ | हुरमत कुमार पन्त |
| ७ | हेटौंडा | कैलाश गाउँपालिका-९, नामटार, मकवानपुर | अर्जुन बर्तौला |
| ८ | माधव नारायण | माधव नारायण नगरपालिका-३, सखुवाबा, माधवनारायण | अभिषेक यादव |
| ९ | ताप्लेजुङ | सिरीजंगा गाउँपालिका-३, खामडिम्बे बजार, ताप्लेजुङ | चिरञ्जीवी बिष्ट |
| १० | ताप्लेजुङ | पाथीभरा याङवरक गाउँपालिका-१, नाङ्खोल्याङ, ताप्लेजुङ | चेतनाथ खतीवडा |
| ११ | ताप्लेजुङ | निङ्गाखोला गाउँपालिका-१, हन्द्रुङ बजार, ताप्लेजुङ | मात्रिका न्यौपाने |
| १२ | बिराटनगर | कटहरी गाउँपालिका-३, कटहरी, मोरङ | सरोज राजवंशी |
| १३ | जनकपुर | पिपरा गाउँपालिका-१, ढेकाहा, धनुषा | बिमला कुमारी साह |
| १४ | जनकपुर | मतिहानी नगरपालिका-८, मतिहानी, जनकपुर | जयनाथ प्रसाद |
| १५ | लमही | राजपुर गाउँपालिका-२, बेला, दाङ | शिशिर भण्डारी |
| १६ | महेन्द्रनगर | बेदकोट नगरपालिका-१, दैजी, कञ्चनपुर | ज्ञानु रेग्मी |
| १७ | फिक्कल | सूर्योदय नगरपालिका-४, श्रीअन्तु, इलाम | रञ्जित प्रधान |
| १८ | ताप्लेजुङ | फक्ताङलुङ गाउँपालिका-३, सिँवा बजार, ताप्लेजुङ | तेज बीर लिम्बु |
| १९ | ताप्लेजुङ | आठराई त्रिवेणी गाउँपालिका-२, फूलबारी, ताप्लेजुङ | सोम बिमली |

2015/08/18 ⟵
2015/08/18

साथै शाखारहित बैंकिङ्ग सेवा बन्द गरिएका स्थानमा शाखारहित बैंकिङ्ग सेवा बन्द गरिएकोले यसअघि त्यस बैंकबाट नियुक्त गरिएका अभिकर्तासँग कुनै पनि कारोबार नगर्न अनुरोध सहितको जानकारी सर्वसाधारणलाई उपयुक्त माध्यमबाट गराउनुहुन समेत निर्णयानुसार अनुरोध छ ।

भवदीय,
२०८२/०२/०८
(पुष्कर राज भट्टराई)
उप-निर्देशक